गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४९१४११४
०१-४९१४११५
इमेल: gokarneshwor2071@gmail.com
टोल फ्रि नं.: १६६००१३७८८८

पत्र संख्या: ०७७/०७८
चलानी नं. २११८

मिति: २०७८/०२/२६

**विषयः – आ-आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्ने सम्बन्धमा ।**

**श्री गोकर्णेश्वर नगरपालिका क्षेत्रमा संचालित गैरसरकारी संस्थाहरु,**
**काठमाडौँ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७८/०७९ को नीति, कार्यक्रम र बजेट तर्जुमको तयारीको क्रममा रहेको हुँदा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २५ बमोजिम त्यहाँ संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट समेत यस नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्नु पर्ने भएकोले त्यहाँ संस्थाहरुको उक्त वार्षिक योजना, कार्यक्रम तथा बजेट सम्बन्धी विवरणको Soft Copy & Hard Copy ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ ।

राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४९१४११४
०१-४९१४११५
इमेल: gokarneshwor2071@gmail.com
टोल फ्रि नं.: १६६००१३७८८८


पत्र संख्या: ०७७/०७८
चलानी नं. २११०

मिति: २०७८/०२/२६

**विषयः – आ-आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्ने सम्बन्धमा।**

**श्री गोकर्णेश्वर नगरपालिका क्षेत्रमा संचालित गैरसरकारी संस्थाहरु,**
**काठमाडौँ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७८/०७९ को नीति, कार्यक्रम र बजेट तर्जुमको तयारीको क्रममा रहेको हुँदा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २५ बमोजिम त्यहाँ संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट समेत यस नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्नु पर्ने भएकोले त्यहाँ संस्थाहरुको उक्त वार्षिक योजना, कार्यक्रम तथा बजेट सम्बन्धी विवरणको Soft Copy & Hard Copy ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ।

.....................
राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेछ।

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ।

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्ने प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ।

२५. **समन्वयमा कार्य गर्नु पर्ने** : (१) गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तर कुनै अन्तरराष्ट्रिय गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहसँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने।

(३) यस दफाको विपरीत कुनै सङ्घ संस्थाले काम गरेमा स्थानीय तहले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ।

(४) समन्वय सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

२६. **साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने** : गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ :-

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय